केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/२/०७७/७८

मितिः २०७७/०४/०८

# सूचना

**इजाजतपत्रप्राप्त सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु**

नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७७/०४/०५ को निर्णय अनुसार *"मिति २०७६ चैत ११ गतेदेखि शुरू भई विभिन्न मितिमा हेरफेर तथा थपघटसहित नेपालभर लागू रहेको बन्दाबन्दी (लकडाउन) सम्बन्धी व्यवस्था मिति २०७७ साउन ६ गते मङ्गलबार (तदनुसार २०२० जुलाई २१) मध्यरात पछि अन्त्य गर्ने"* निर्णय भए अनुसार यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख", "ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले देहाय बमोजिमका व्यवस्थाहरु सहित सेवा सुचारु गर्ने गराउन यो सूचना जारी गरिएको छ ।

१. नेपाल राष्ट्र बैंकको बैकिङ कार्यालयले बैकिङ कारोवार गर्ने समयसम्म इजाजतपत्रप्राप्त संस्थाहरुले अनिवार्य रुपमा आफ्नो कार्यालय खोली बैकिङ कारोवार सञ्चालन गर्ने ।

२. बैकिङ सेवा प्रवाहमा ग्राहकसंग प्रत्यक्ष सम्पर्कमा रहने जनशक्तिको स्वास्थ्य सुरक्षा तथा संक्रमणको सम्भावनालाई न्यूनीकरण गर्न आवश्यक स्वास्थ्य सुरक्षाका न्यूनतम उपायहरु (Sanitizer, Mask, Disinfectant, Thermal Scanning, Hand Gloves आदि) अनिवार्य रुपमा अवलम्बन गर्ने ।

३. सेवाग्राहीको भिडभाड नहुने तथा दुरी कायम हुने गरी लामबद्ध हुने व्यवस्था मिलाई सेवा प्रवाह गर्ने ।

४. विद्युतीय माध्यमबाट हुने कारोवारलाई थप प्रोत्साहित गर्ने ।

(देव कुमार ढकाल)
कार्यकारी निर्देशक